नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४३५ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त सबै होटल, एयरलाईन्स, सोका जि.एस.ए., कार्गो तथा कुरीयर कम्पनी र ट्राभल एजेन्सीहरू ।

विषय :- होटल, एयरलाईन्स, ट्राभल एजेन्सी,कार्गो तथा कुरीयर एजेन्सीहरूको विदेशी मुद्रा कारोवार लगायत रिप्याट्रिएशन सम्बन्धी व्यवस्था ।

महाशय,

हवाई टिकेटिङ्ग तथा पर्यटकीय सेवा सञ्चालन गर्ने इजाजतप्राप्त विभिन्न निकायहरूको लागि रिप्याट्रिएशन तथा विदेशी मुद्रा खाता सञ्चालन सम्बन्धमा निम्न बमोजिम गर्नु/गराउनुहुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधनसहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. <u>हवाई टिकेटिङ्ग तथा कार्गो सम्बन्धी</u>

(क) नेपाली नागरिकहरूलाई बैध राहदानीको आधारमा बिक्री गरेको टिकटको Repatriation स्वतः प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ । यसबापतको रकमलाई Repatriation प्रदान गर्दा प्रचलित खुला बजार विनिमय दर लागू हुनेछ ।

(ख) नेपाली नागरिकहरूकोलागि हवाई टिकट जारी गर्न विदेशस्थित एयरलाईन्सहरूबाट काठमाडौंस्थित एयरलाईन्सहरूलाई प्रिपेड टिकट एडभाइस (पि.टि.ए.) आएमा सो टिकट तहाँबाटै जारी गर्न सकिनेछ ।

(ग) नेपाली नागरिकहरूलाई हवाई टिकट जारी गर्दा हवाई टिकटको बाहिरी आवरण (ज्याकेट) मा BOX भित्र स्पष्ट देखिने गरी **"टिकट रद्द गर्नुपरेमा राहदानीबापत लिएको विदेशी मुद्रा फिर्ता बुझाएको प्रमाण पेश गर्नुपर्नेछ"** भन्ने व्यहोराको छाप लगाउनुपर्नेछ ।

(घ) विदेश भ्रमणमा जाने व्यक्तिहरूलाई राहदानीबापत प्रदान गरेको विदेशी मुद्रा सम्बन्धित व्यक्तिहरूले बैंक दाखिला (फिर्ता) गरेको प्रमाण पेश नगरेसम्म हवाई टिकट रद्द गर्न र सोबापतको रकम रिफण्ड गर्न नमिल्ने व्यहोरा अवगत गर्नुहुन । साथै, हवाई टिकटको ज्याकेटबिना रिफण्ड माग गरेको खण्डमा सम्बन्धित व्यक्तिको पासपोर्ट हेरी सटही सुविधा उपयोग नगरेको खण्डमा मात्र रिफण्ड प्रदान गर्न मिल्ने व्यहोरा जानकारी गराइन्छ । विदेशी मुद्रा बैंक दाखिला गरेका प्रमाण र रद्द गरिएका टिकटहरू (विदेशी मुद्रा सटही सुविधा उपयोग गरेको वा नगरेको) रद्द गरिएको मितिले कम्तिमा ६ महिनाको अवधिसम्म अनिवार्य रूपमा सुरक्षित राख्नुपर्नेछ । रद्द गरिएका त्यस्ता टिकटहरूको मासिक विवरण सम्बन्धित एयरलाइन्सले यस विभागमा अर्को महिनाको मसान्तभित्र अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।

१.१ <u>उधारोमा उपलब्ध गराएको सेवाको भुक्तानी</u> :

विदेशी मुद्रा पछि भुक्तानी प्राप्त हुने गरी विदेशी नागरिकलाई उधारोमा सेवा (Credit sales) उपलब्ध गराउने सम्बन्धमा निम्नानुसारको व्यवस्था गर्ने ।

(क) उधारोमा बिक्री हुने सम्पूर्ण हवाई टिकटहरूको विवरण नियमितरूपले विदेशी मुद्राको कारोवारको स्टेटमेण्टकोसाथ पेश गर्नुपर्ने ।

(ख) उधारोमा गराइने दृश्यावलोकन (Sight Seeing), होटल एकोमोडेशन, आन्तरिक उडानको हवाई टिकट बिक्री तथा अन्य सेवाबापतको विवरण APPENDIX 'F' बमोजिमको फर्ममा भरी अनिवार्यरूपमा स्टेटमेण्टका साथ पेश गर्नुपर्ने ।

(ग) उपरोक्त बमोजिम उधारोमा सेवा उपलब्ध गराएबापतको भुक्तानी यस दफाको खण्ड (क) को हकमा ४ महिनाभित्र तथा खण्ड (ख) को हकमा ६ महिनाभित्र ल्याइसक्नुपर्ने ।

(घ) विदेशी नागरिकहरूलाई दृश्यावलोकन सेवा उपलब्ध गराएबापतको मासिक विवरण APPENDIX 'E' बमोजिमको फर्ममा भरी यस बैंकमा पेश गर्नुपर्ने ।

१.२ <u>रिप्याट्रिएशन (Repatriation)</u>:

(क) विभिन्न ट्राभल एजेन्सी, कार्गो एजेन्सी तथा कुरियर एजेन्सीहरूले आ-आफ्नो परिवर्त्य विदेशी मुद्रा रिप्याट्रिएवल खाताबाट विदेशी एयरलाईन्स तथा जि.एस.ए.हरूको नेपालस्थित बैंक/वित्तीय संस्थाहरूमा रहेको विदेशी मुद्रा खातामा एकाउण्ट ट्रान्सफरको माध्यमबाट वा Negotiable only in Nepal भन्ने छाप भएको चेकको माध्यमबाट मात्र भुक्तानी गर्न सक्नेछन् । तर नेपाल बाहिर गर्नुपर्ने भुक्तानीको हकमा भने यस बैंकको अनुमति लिनुपर्नेछ ।

(ख) विदेशी एयरलाईन्स र जि.एस.ए.हरूले हवाई इन्धन खरीद र हवाईजहाज अवतरण एवं विमानस्थलसम्बन्धी अन्य शुल्कहरू नेपाल आयल निगम र नेपाल नागरिक उड्डयन प्राधिकरणलाई परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न सक्नेछन् । तर, ती निकायहरूले आफ्नो विदेशस्थित कार्यालयमा भुक्तानी पठाउँदा भने यस बैंकको स्वीकृति लिनुपर्नेछ ।

(ग) उपरोक्त खण्ड (क) र (ख) बमोजिमको रिप्याट्रिएशन सुविधा विदेशी मुद्रामा गरेको कारोवारमा मात्र लागू हुनेछ । नेपाली रूपैयाँमा गरेको कारोवारको रिप्याट्रिएशनको लागि भने यस बैंकको स्वीकृति लिनुपर्नेछ । हवाई टिकट बिक्रीबापत प्राप्त हुने नेपाली रूपैयाँको रिप्याट्रिएशन लिइसकेपछि बाँकी हुन आउने रकम स्थानीय खर्चमा प्रयोग गर्न सकिनेछ । रूपैयाँ खाता खर्च हुने गरी लिइने रिप्याट्रिएशनका लागि प्रचलित विनिमय दर लागू हुनेछ ।

(घ) यस्तो कारोवारको विवरण आधिकारिक व्यक्तिले दस्तखत गरी विभिन्न एपेण्डिक्स फारामहरू भरी प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र यस विभागमा अनिवार्य रूपमा बुझाउनुपर्नेछ । यस्तो विवरण समयमै पेश नगर्नेहरूलाई रिप्याट्रिएशनको सुविधाबाट वञ्चित गर्न सकिनेछ । यस सम्बन्धमाः

(१) विदेशी मुद्रामा बिक्री गरेको हवाई टिकट, कार्गो तथा कुरियर ढुवानी, दृश्यावलोकन, होटेल खर्च र अन्य खर्चबापत आर्जन गरेको सम्पूर्ण रकम Appendix "5" (क्यासबुक) मा उल्लेख गर्नुपर्नेछ ।

(२) विदेशी मुद्रा र नेपाली रूपैयाँमा बिक्री गरेको हवाई टिकट (APMT) को सम्पूर्ण विवरण Appendix "A" मा देखाउनुपर्नेछ । विदेशी मुद्रा तथा नेपाली रूपैयाँमा गरेको कारोवारको विवरण छुट्टाछुट्टै देखाउनुपर्नेछ ।

**द्रष्टव्यः-** ***APMT** अन्तर्गत **Repatriation** माग गर्दा सम्बन्धित यात्रुको पासपोर्टको फोटोकपी तथा टिकटको सक्कल प्रति पेश गर्नुपर्ने छैन । तर, उपरोक्त कागजातहरू यस बैंकले निरीक्षण गर्न खोजेको समयमा देखाउन सक्ने गरी सम्बन्धित एयरलाईन्स वा इजाजतप्राप्त निकायले नै घटीमा ३ वर्षसम्म अनिवार्य रूपमा सुरक्षित तवरले राख्नुपर्नेछ । यस बैंकले निरीक्षण गर्न खोजेको समयमा उपरोक्त प्रकारका कागजातहरू उपलब्ध गराउन नसकेमा वा बैंकले निरीक्षण गर्दा अनियमितता गरेको पाइएमा जुनसुकै बखत विदेशी मुद्रा कारोवार गर्ने इजाजतपत्र रद्द गरी कारबाही अगाडी बढाउन सकिनेछ ।*

(३) विदेशी मुद्रा र नेपाली रूपैयाँमा बिक्री गरेको कार्गो (CPMT) को विवरण Appendix "B" मा देखाउनुपर्नेछ । विदेशी मुद्रा तथा नेपाली रूपैयाँमा गरेको कारोवारको विवरण छुट्टाछुट्टै देखाउनुपर्नेछ ।

(४) कुरियर सेवा सम्बन्धी कारोवारको विवरण Appendix "C" मा देखाउनुपर्नेछ ।

(५) विदेशी मुद्रा प्राप्त गरी सोही रकम मध्येबाट खर्च हुने गरी तिब्बत, भुटान, भारत तथा अन्य देशमा दृश्यावलोकन गराएको कारोवारको विवरण Appendix "D" मा देखाउनुपर्नेछ ।

(६) विदेशी मुद्रा प्राप्त गरी दृश्यावलोकन, होटल बील, आन्तरिक हवाई टिकट बिक्री र अन्य सेवाको कारोवारको विवरण Appendix "E" मा देखाउनुपर्नेछ ।

(७) विदेशी मुद्रा प्राप्त हुने गरी उधारोमा दृश्यावलोकन, होटेल बील, आन्तरिक हवाई टिकट र अन्य सेवा बिक्रीको कारोवार भएमा Appendix "F" मा देखाउनुपर्नेछ ।

(८) नेपाली निर्यातकर्ताहरूको नाममा प्रचलित व्यवस्थाअन्तर्गत रही सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले यथावत कार्गो अनुमतिपत्र (CPMT) जारी गर्ने ।

(९) प्रचलित व्यवस्थाअन्तर्गत बैंक/वित्तीय संस्थाहरूले विधिवत रूपमा जारी गरेको कार्गो अनुमतिपत्र (CPMT) बापतको रिप्याट्रिएशन पनि नेपाली रूपैयाँ खाताबाट नै प्रदान गरिनेछ । तर निर्यातकर्ताले कुनै कार्गो परमिटको भुक्तानी प्रचलित व्यवस्थाअन्तर्गत विदेशी मुद्रामा नै गरेको छ भने त्यस्ता केशहरूको हकमा विदेशी मुद्रा रिप्याट्रियवल खाताबाट नै लिनुपर्नेछ ।

(१०) यसरी जारी भएको कार्गो अनुमतिपत्र (CPMT) अन्तर्गतको रकमबाट कार्गो एजेण्ट वा एयरलाईन्सले चाहेमा सम्वन्धित बैंक/वित्तीय संस्थाहरुबाट विदेशी मुद्रा खरिद गरी आफ्नो विदेशी मुद्रा खातामा जम्मा गर्न सक्नेछन् । यसरी बैंक/वित्तीय संस्थाहरूले विदेशी मुद्रा बिक्री गरेपछि ती एजेन्सीहरूले पेश गरेका कागजातको सक्कल प्रतिमा बिक्री गरेको विदेशी मुद्रा रकम प्रमाणित (Endorse) गरी सो कागजात सम्बन्धित कार्गो एजेन्सीहरूलाई नै फिर्ता दिने ।

(११) निर्यातकर्ताहरूले चाहेमा त्यस्तो कार्गो अनुमतिपत्र (CPMT) बापतको रकम आ-आफ्नो विदेशी मुद्रा खाताबाट रकमान्तर गराई सम्बन्धित कार्गो एजेन्सी वा एयरलाईन्सलाई उपलब्ध गराउन पनि सक्नेछन् ।

(१२) माथि उपदफा (१०) र (११) मा उल्लिखित प्रक्रियाबाट आ-आफ्नो खातामा जम्मा गरिएको विदेशी मुद्राको हकमा यस बैंकबाट अनुमति नलिएसम्म रिप्याट्रिएशन वा रकमान्तर गर्न पाइने छैन ।

२. कुरियर सेवा सम्बन्धी व्यवस्थाः

इजाजतप्राप्त कुरियर सेवा सञ्चालकहरूले नेपालीहरूको पार्सल वा डकुमेण्टहरू कुरियर गरी विदेशमा पठाउन सक्नेछन् र सो बापत विदेशस्थित सम्बन्धित सङ्घ संस्था, एजेन्सी वा एयरलाईन्सहरूलाई विदेशी मुद्रामा भुक्तानी दिनुपरेमा यस बैंकको स्वीकृति लिई भुक्तानी दिनसक्ने व्यवस्था गरिएको छ । तर नेपालस्थित विदेशी एयरलाईन्सहरूको हकमा भने त्यस्तो सेवाको रिप्याट्रिएशन सम्बन्धित एयरलाईन्सले नै माग गर्नुपर्नेछ ।

३. अन्य व्यवस्थाः

विदेशी मुद्रामा भुक्तानी स्वीकार गर्ने इजाजतप्राप्त व्यक्ति तथा संस्थाहरूले पालन गर्नुपर्ने निर्देशनहरू :

(क) नेपाल वायु सेवा निगम लगायत नेपालमा दर्ता भएका एयरलाईन्सहरूले विदेशी पर्यटकले प्रयोग गर्ने वाह्य सेक्टरको हवाई टिकटको मूल्य अमेरिकी डलरमा निर्धारण गर्नुपर्नेछ । साथै ती एयरलाइन्सहरूले नेपालभित्र बिक्री गर्ने आफ्नो आन्तरिक सेक्टरको हवाई टिकट तथा दृश्यावलोकन उडानको मूल्य पनि नेपाली र भारतीय नागरिकवाहेक अन्य देशका नागरिकहरूलाई अमेरिकी डलरमै निर्धारण गर्नुपर्नेछ ।

(ख) ट्राभल, ट्रेकिङ्ग, माउण्टेनियरिङ्ग, र्‍याफटिङ्ग, प्याकिङ्ग, फरवार्डिङ आदिको व्यवसाय गर्ने सबै इकाइहरूले आफ्नो व्यवसाय, जस्तै दृश्यावलोकन, ट्रेकिङ्ग, माउण्टेनियरिंङ्ग सेवाहरूको दररेट नेपाली रूपैयाँमा वा अमेरिकी डलरमा निर्धारण गर्न सक्नेछन् ।

(ग) होटल तथा लजहरूले आफ्नो ट्यारिफ नेपाली रूपैयाँमा वा अमेरिकी डलरमा निर्धारण गर्न सक्नेछन् ।

(घ) भारतीय बाहेक अन्य विदेशी नागरिकहरूबाट माथि खण्ड (क) र (ख) अनुसार निर्धारण गरिएको बीलहरूको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा मात्र लिनुपर्नेछ ।

(ङ) विदेशी नागरिकहरूले खण्ड (घ) अनुसारको बीलको भुक्तानी विदेशी मुद्रा सटही गरेको रूपैयाँमध्येबाट गर्न चाहेमा विदेशी मुद्रा सटही गरेको इन्क्यासमेण्ट रसिद (Foreign Exchange Encashment Receipt -FEER) भिडाई सटही गरेको रकमले खाम्नेसम्मको रकम मात्र खुला बजार विनिमय दरमा रूपैयाँमा भुक्तानी लिन सकिनेछ ।

(च) खण्ड (ङ) अनुसार बीलको भुक्तानी रूपैयाँमा लिएमा उक्त बीलको पछाडी सम्बन्धित इन्क्यासमेण्ट रसिद (FEER) को नम्बर, मिति, विदेशी मुद्रा रकम र सटही गरी लिने संस्थाको नाम समेत उल्लेख गरी राख्नुपर्नेछ ।

(छ) विदेशी मुद्रामा कारोवार गर्न इजाजतप्राप्त निकायले त्यस्तो इन्क्यासमेन्ट रसिदका आधारमा बीलको भुक्तानी स्वीकार गर्दा खण्ड (च) मा उल्लेख भए अनुसार आफ्नो रिकर्डमा जनाउनुको साथै इन्क्यासमेन्ट रसिदमा पनि उपयोग भएको रकम र आफ्नो संस्थाको नाम, बील नम्बर तथा मिति अनिवार्यरूपले जनाउनुपर्नेछ ।

(ज) ट्राभल एजेन्सी तथा एयरलाईन्स वा कार्गो कम्पनी तथा कुरियरले खण्ड (च) अनुसार बीलको भुक्तानी रूपैयाँमा स्वीकार गर्नुपर्दा सम्बन्धित विदेशी नागरिकको इन्क्यासमेन्ट रसिदको सक्कलै लिनुपर्नेछ र यस बैंकमा पेश गर्नुपर्ने मासिक विवरणको साथमा सो रसिद पनि पेश गर्नुपर्नेछ ।

(झ) अन्तर्राष्ट्रिय उडानको लागि यस्ता इन्क्यासमेन्ट रसिदको आधारमा हवाई टिकट बिक्री गर्नुपरेमा भने यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(ञ) अन्तर्राष्ट्रिय सङ्घ संस्था वा कूटनीतिक नियोग आदि विदेशी संस्थामा ६ महिनाभन्दा बढी समयसम्म कामकाज गरी नेपालमा बसेको यकिन भएमा ती विदेशीहरूबाट अन्तर्राष्ट्रिय उडान र कार्गोबाहेक अरू बीलको भुक्तानी रूपैयाँमा पनि लिन सकिनेछ ।

(ट) यस बैंकबाट इजाजतप्राप्त ट्रेकिङ्ग, ट्राभल एजेन्सी, कार्गो तथा कुरियरहरूले आर्जन गरेको विदेशी मुद्रा यथाशीघ्र आफ्नो बैंकस्थित परिवर्त्य विदेशी मुद्रा खातामा जम्मा गर्नुपर्नेछ । यसैगरी यस बैंकबाट इजाजतप्राप्त होटल तथा र्‍याफ्टिङ्ग आदिले पनि आफूले आर्जन गरेको विदेशी मुद्रा यथा समयमा बैंक दाखिला गर्नुपर्नेछ ।

(ठ) होटेलहरूले बढीमा अमेरिकी डलर २००।- सम्म पेटी क्यासको रूपमा आफूसँग राख्न पाउनेछन् ।

(ड) सबै इजाजतप्राप्त इकाइहरूले विदेशी मुद्राको यात्रुचेक सटही गरी लिने बित्तिकै चेकको पछाडि अफिसको छाप लगाउनुपर्नेछ ।

(ढ) विदेशी पर्यटकहरूलाई पुऱ्याएको सेवाबापत नेपाली ट्राभल एजेन्सीहरूलाई होटेलहरूले परिवर्त्य विदेशी मुद्रामा समेत बिलिङ्ग गर्नसक्नेछन् । विदेशी मुद्रामा गरेको बिलिङ्गको भुक्तानी बैंक खातामार्फत परिवर्त्य विदेशी मुद्रामा गर्नुपर्नेछ ।

(ण) विदेशी मुद्रामा बिक्री भएका नेपाल वायु सेवा निगम र नेपालमा दर्ता भएका अन्य स्थानीय एयरलाईन्सहरूको हवाई टिकटको रकम सम्बन्धित ट्राभल एजेन्सीहरूले अमेरिकी डलरमा नै बैंक खातामार्फत भुक्तानी गर्नुपर्नेछ । विदेशी एयरलाईन्सहरूको हकमा यस बैंकको स्वीकृति लिई रिप्याट्रिएशन गर्न सकिनेछ ।

(त) होटल लगायत सम्बन्धित सबै इजाजतपत्र प्राप्त इकाइहरूले भारतीयबाहेक अन्य विदेशी नागरिकहरूले बीलको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा मात्र गर्नुपर्नेछ भन्ने सूचना ठूलो अक्षरमा साईन बोर्ड लेखी सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

<u>सूचनाको नमूना</u>: **FOREIGNERS (OTHER THAN INDIAN NATIONAL) ARE REQUIRED TO PAY THEIR BILLS IN CONVERTIBLE CURRENCY ONLY.**

३.१. <u>खाताको किसिम र सञ्चालन व्यबस्था:</u>

हवाई टिकेटिङ्ग तथा पर्यटकीय सेवा सञ्चालन गर्ने इजाजतप्राप्त विभिन्न निकायहरूमध्ये प्रचलित व्यवस्थाअनुसार यस विभागबाट रिप्याट्रिएशन लिनुपर्ने विभिन्न निकायहरू (जस्तैः एयरलाईन्स, ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, कार्गो एजेन्सी तथा कुरियर) को विदेशी मुद्रा खाता सञ्चालन निम्न बमोजिम हुनुपर्नेछ ।

(क) उपरोक्त निकायहरूले परिवर्त्य विदेशी मुद्राको (Repatriable) र आर्जन खाता गरी दुई भिन्दाभिन्दै खाता खोल्न सक्नेछन् ।

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी हवाई टिकट, कार्गो, कुरियर अन्य सेवा बिक्री गरी सोबापत प्राप्त हुन आएको विदेशी मुद्रा यस्तो खातामा जम्मा गर्न सकिनेछ । रिप्याट्रिएशन प्रक्रिया पूरा भई यस विभागबाट रिप्याट्रिएशन प्रदान गरी सकिएपछि बचत रहेको रकम आफ्नो विदेशी मुद्रा आर्जन खातामा रकमान्तर गर्नुपर्नेछ । रिप्याट्रिएशन प्रदान गर्न नपर्ने प्रकारका विदेशी मुद्रासम्बन्धित खातावालाहरूले सोझै आर्जन खातामा पनि जम्मा गर्न सक्नेछन् । त्यस्तै रिप्याट्रिएवल खातामा रहेको रकम मध्येबाट कुनै रकम खातावालाले यस विभागको स्वीकृति नलिइकन पनि आ-आफ्नो आर्जन खातामा रकमान्तर गर्ने वा नेपाली रूपैयाँमा सटही गर्न पनि सक्नेछन् । तर, नेपालवाहिर भुक्तानी हुने गरी रिप्याट्रिएवल खाताबाट खातावालाको अनुरोधमा रकमान्तर गर्न भने यस विभागको स्वीकृति अनिवार्य रूपमा लिनुपर्नेछ । उपर्युक्त अनुसारको रिप्याट्रिएशन सुविधा रिप्याट्रिएवल खाताबाट मात्र गर्नुपर्नेछ र विदेशी मुद्रा आर्जन खाताबाट रिप्याट्रिएशन खातामा ट्रान्सफर गर्न र रिप्याट्रिएशन गर्न पाइने छैन ।

माथि उल्लेखित निकायहरूको हाल भइरहेका विदेशी मुद्रा खाता कुन किसिमको खाता (रिप्याट्रिएवल/आर्जन) मध्ये कुनमा परिवर्तन गर्ने हो सोबारे सम्बन्धित खातावालाको अनुरोध अनुसार सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले गर्नुपर्नेछ ।

आर्जन खाताबाट खातावालाले विदेश भ्रमणबापत पाउने सटही सुविधा यस विभागको इ.प्रा.परिपत्र सङ्ख्या ४१६ को व्यवस्थाअनुसार हुनेछ ।

(ख) <u>नेपाली रूपैयाँ भुक्तानी लिई गरिने कारोवार</u> :

नेपाली नागरिकहरूलाई भारतबाहेक तेस्रो मुलुकको भ्रमणका लागि गरिएको हवाई टिकट बिक्रीबाटप्राप्त रकम नेपाली रूपैयाँ खातामा जम्मा गर्नुपर्नेछ । विदेशी एयरलाईन्स तथा इजाजतप्राप्त अन्य निकायहरूले स्थानीय खर्च पेश गर्दा विस्तृत रूपमा पेश गर्नुपर्नेछ ।

(ग) कुनै पनि एयरलाईन्स , ट्राभल एजेन्सी तथा इजाजतप्राप्त अन्य निकायहरूले यस बैंकबाट स्वीकृति लिई एक वा एकभन्दा बढी बैंक/वित्तीय संस्थामा अमेरिकी डलरमा खाता खोल्न पाउनेछन् ।

३.२ <u>विदेशी मुद्रा सटही व्यवस्था</u> :

एयरलाईन्स/ट्राभल एजेन्सी, कार्गो तथा कुरियर कम्पनीहरूले हवाई टिकट बिक्री, कार्गो, तथा कुरियर सेवा प्रदान गरेबापत प्राप्त हुने विदेशी मुद्रा सटही सम्बन्धमा निम्न बमोजिम गर्नुहुनः

हवाई टिकट बिक्री सम्बन्धमा :

(क) विदेश भ्रमणमा जानको लागि हवाई टिकट खरिद गर्न सम्बन्धित एयरलाईन्स / ट्राभल एजेन्सीलाई दिएको निवेदन संलग्न गरी सम्बन्धित एयरलाइन्स/ट्राभल एजेन्सीले अनुरोध गरेमा निवेदनमा उल्लेखित विदेशी मुद्रा रकम ननाघ्ने गरी सम्बन्धित बैंक/वित्तीय संस्थाबाट खरिद गरी आफ्नो विदेशी मुद्रा खातामा जम्मा गराउन सक्नेछन् ।

(ख) सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले एयरलाईन्स/ट्राभल एजेन्सीहरूलाई विदेशी मुद्रा बिक्री गरेपछि उक्त एजेन्सीहरूले पेश गरेको सो कागजातको सक्कल प्रतिमा बिक्री गरेको विदेशी मुद्रा रकम प्रमाणित (Endorse) गरी सो कागजात सम्बन्धित एयरलाईन्स/ट्राभल एजेन्सीहरूलाई नै फिर्ता दिने ।

३.३ परिवर्त्य बिदेशी मुद्रा नेपाली रूपैयाँमा परिबर्तन गर्नु पर्ने सम्बन्धमा :

प्रचलित व्यबस्था अनुसार सबै इजाजतप्राप्त निकायहरूले विदेशी मुद्रा खरिद गरी आ-आफ्नो विदेशी मुद्रा खातामा जम्मा गरेको अवस्थामा, रिप्याट्रिएशन स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गर्ने कागजातहरूको आधारमा बढी रकम जम्मा गरिएको पाइएमा वा तोकिएको प्रक्रियाहरू पूरा नगरेको पाइएमा त्यस्तो विदेशी मुद्रा रकम रूपैंयाँमा नै परिवर्तन गर्नुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक